अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८, संख्याः ६, गोरखा, भदौ १९ गते २०८१, अतिरिक्तांक : ६

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि-२०८१ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि-२०८१

# अजिरकोट गाउँपालिका

## स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि-२०८१

अजिरकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१

**प्रस्तावनाः** अजिरकोट गाउँपालिका भित्रका समस्याहरुमा आधारित रहेर अध्ययन, अनुसन्धान, प्रविधि विकास गर्न र अजिरकोट गाउँपालिकाको समग्र विकासमा देखिएका समस्या सम्बन्धी पृष्ठपोषणका लागि विभिन्न विश्वविद्यालय र अन्तरगतका कलेजमा स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुलाई लक्षित गरी कार्यकम सञ्चालन गर्ने उद्देश्यले अजिरकोट गाउँकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो स्ताकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि,२०८१ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "स्ताकोत्तर तथा विद्यावारिधी अध्ययनरत महिला विद्यार्थीहरुको सोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि,२०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखी प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "शोधपत्र" भन्नाले कुनै विश्वविद्यालयमा वा अन्तर्गतका कलेजहरुको विद्यार्थीहरुद्वारा गरिने सोधकार्य जुन स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनको आंशिक भाग पुरा गर्नको लागि गरिने सोधकार्यलाइ सम्झनु पर्दछ ।

(ख) "शोधकार्य अनुसन्धान सहयोग रकम" भन्नाले अजिरकोट गाउँपालिकाले शोध कार्यको लागि दिएको अनुसन्धान सहयोग रकम सम्झनु पर्दछ ।

(ग) "विश्वविद्यालय" भन्नाले स्नातकोत्तर स्तर तथा विद्यावारिधी तहको अध्ययन अध्यापन गराउने विश्वविद्याल वा सो को आंगिक वा सम्वन्धन प्राप्त कलेजसमेतलाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "शाखा" भन्नाले गाउँपालिका अन्तर्गत रहेको महिला तथा बालवालिका विकास शाखालाई सम्झनु पर्दछ।

(च) "शोधपत्र कर्ता" भन्नाले स्ताकोत्तर तथा विद्यावारिधीमा अनुसन्धान शोधकार्य गर्ने विद्यार्थी सम्झनु पर्दछ।

(छ) "सोधकार्य" भन्नाले स्नातकोत्तर तथा विद्यावारिधी तहमा अध्यानरत विद्यार्थीहरुले अध्ययनको आंशिक भाग पुरा गर्न अजिरकोट गाउँपालिका भित्रका विषयहरु तथा समस्यामा आधारित रहेर गर्ने अनुसन्धानात्मक कार्य सम्झनु पर्दछ।

**३. उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) अजिरकोट गाउँपालिका भित्रका रहेका खोजमुलक विषयहरु तथा समस्यामा आधारित अनुसन्धान तथा गाउँपालिको समग्र विकास कार्यलाई सहयोग पुऱ्याउने,

(ख) स्नातकोत्तर तथा विद्यावारिधी अध्ययन गर्ने महिला विद्यार्थीहरुलाई समस्यामा आधारित अनुसन्धान तथा प्रबिधि विकास कार्यमा आकर्षित गर्ने ।

## परिच्छेद-२

## अनुसन्धान शोधपत्र सम्बन्धि व्यवस्था

४. शोधपत्र अनुसन्धान कार्यको विषयवस्तु र क्षेत्र (१) शोधपत्र अनुसन्धान कार्यको विषयवस्तु अजिरकोट गाउँपालिका भित्रको रहेका समस्यहरु तथा खोजमुलक विषयहरु हुनुपर्नेछ साथै अनुसन्धानको क्षेत्र अजिरकोट गाउँपालिका भित्रनै हुनुपर्नेछ।

(२) बिषयबस्तु र क्षेत्रनिर्धारण सम्बन्धमा गाउँपालिका र शोधकर्ताको समन्वयमा समस्या पहिचान गरि आवश्यक ठानेका अनुसन्धान क्षेत्र तोक्न सक्नेछ ।

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

५. सूचना प्रकाशन (१) गाउँपालिकाले शोधकार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन गरि जानकारी गराउनेछ ।

(२) सूचनामा तोकिएको म्याद भित्र शोधकार्य गर्ने इच्छुक महिला शोधकर्ताले प्रस्तावना र आफू अध्ययनरत विश्वविद्यालय तथा कलेजको सिफारिस सहित निवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ। कार्यक्रम सञ्चालनको लागि शोधकर्ता र गाउँपालिका बिच समझदारी पत्रमा हस्ताक्षर गरिनेछ ।

(३) कार्यक्रम सञ्चालनको लागि शोधकर्ताको छनोट यस कार्यविधिको परिच्छेद-६ अन्तरगत गठित छनोट समितिले गर्नेछ र सो को जानकारी शोधकर्ता अध्ययनरत विश्वविद्यालय तथा कलेजलाई दिनेछ।

**६. अनुदान प्राप्त गर्न सक्ने सम्भावित शोधकर्ताहरूः** यस कार्यका लागि कुनै पनि विषयमा स्नातकोत्तर तथा विद्यावारिधी अध्ययनको कममा शोधकार्य बाँकी रहेका र शोधपत्र अनुसन्धान कार्य अजिरकोट गाउँपालिका भित्रै गर्न ईच्छुक अजिरकोट गाउँपालिका स्थायी ठेगाना भएका शोधकर्ताहरु यो अनुदान प्राप्त गर्न योग्य रहनेछन् ।

## परिच्छेद-४

## प्रस्तावना छनोट समिति गठन तथा संचालन

**७. छनोट समिति गठन तथा संचालन सम्बन्धी व्यवस्थाः** सोधकार्य गर्नको लागि इच्छुक महिला सोधकर्ताहरुले पेश गरेको प्रस्तावना छनोटको लागि देहाय बमोजिमको गाउँपालिकामा एक समिति गठन गरिने छ।

**क) छनोट समिति**

१) गाउँपालिका अध्यक्ष -संयोजक

२) गाउँपालिका उपाध्यक्ष -सदस्य

३) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

४) संयोजकले तोकेको एक जना सम्बन्धी क्षेत्रको विज्ञ -सदस्य

५) महिला तथा वालवालिका विकास शाखा प्रमुख - सदस्य सचिव

**ख) छनोट समितिको काम कर्तव्य र अधिकारहरुः**

१) शोधकार्य गर्न इच्छुक शोधकर्ताले पेश गरेको विस्तृत प्रस्तावनाको छनोट गर्ने।

२) शोध कर्ताको अनुसन्दधानको क्रममा निरन्तर अनुगमन तथा आवश्यकता अनुसार सहयोग गर्ने

३) प्रत्येक वर्षमा कार्य प्रगति विवरण गाउँपालिकामा पेश गर्ने,

च) खोजमुलक अनुसन्धानको कार्य बृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

छ) शोधकार्य सम्पन्न पश्चात रकम भुक्तानीको लागि सिफारिस गर्ने।

# परिच्छेद-५

## शोधपत्र अनुसन्धान सहयोग, सम्झौता तथा रकम भुक्तानी सम्बन्धी व्यवस्था

**८. शोधकार्य अनुसन्धान सहयोग सम्बन्धी व्यवस्थाः** (१) शोधकार्य अनुसन्धान सहयोग रकम बापत स्विकृत बजेटको आधारमा अनुसन्धान गर्नको लागि एकजना शोधकर्तालाई बढीमा ४००००।- रकम उपलब्ध गराईनेछ ।

(२) गाउँपालिकाबाट प्रदान गरिने शोधपत्र अनुसन्धान सहयोग रकम चालु आर्थिक वर्ष भित्र हुने अनुसन्धानको लागि मात्र प्रदान गरिनेछ ।

(५) अन्य क्षेत्रवाट सोही अनुसन्धान कार्यको लागि अनुदान लिएको भएमा अनुसन्धान सहयोग रकम प्रदान गरिने छैन ।

(६) शोधकार्य समाप्त भएपश्चात सो को नतिजा गाउँपालिकामा प्रस्तुत गर्नुपर्नेछ । एक प्रति शोधकार्य गाउँपालिकालाई बुझाउनु पर्नेछ । उक्त प्रस्तुतिकरणमा आवश्यक्ता अनुसार विज्ञलाई आमन्त्रण गर्ने सकिनेछ र प्रस्तुतिकरणमा उठेका विषयहरु आफ्नो मुख्य सल्लाहकारको सल्लाह बमोजिम सोधपत्र प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(७) शोधकार्यको समाप्त पश्चात अध्यानरत विश्वविद्यालय तथा कलेजको सिफारिसमा गाउँपालिकाले सम्बन्धित अनुसन्धान कर्ताको बैंक खातामा नियमानुसार भुक्तानी दिईनेछ ।

(८) अनुदान रकमको दुरुपयोग भएको पाईएमा त्यस्ता शोधकर्तालाई प्रचलित कानून बमोजिम कारबाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरिनेछ।

(९) देहायको अवस्थामा सोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने व्यवस्थाको स्वतः समापन हुनेछ ।

क. विश्वविद्यालय/शैक्षिक संस्थाले शोधपत्र नियमित नगरेको भन्ने औपचारिक जानकारी गराएमा,

ख. सोधपत्रकर्ता स्वयंमले शोधपत्रको कार्य विचैमा छाडेमा,

ग. गुणस्तरीय सोधपत्र तयार गर्न नसकेका कारण सोधपत्र विश्वविद्यालय/शैक्षिक संस्थावाट अस्वीकृत भएमा।

## परिच्छेद-६
## विविध

८. **अनुगमन, निरिक्षण तथा सुपरिवेक्षणः** अनुसन्धान चलिरहेको बेलामा कुनैपनि समयमा पूर्व जानकारी दिई गाउँपालिका वा सम्बन्धित शाखाले अनुगमन तथा निरिक्षण गर्न सक्नेछ सो अवस्थामा सोधकर्ताले सम्पूर्ण यथार्थ विवरण उपलब्ध गराउनुपर्नेछ ।

९. **कार्यविधिको व्याख्याः** कार्यविधिमा स्पष्ट उल्लेख भएकोमा बाहेक अन्य कनै पनि विषयमा द्विविधा उत्पन्न भएमा व्याख्या गर्ने र समस्या समाधान गर्ने अधिकार गाउँपालिकालाई हुनेछ।

आज्ञाले

नवराज अवस्थी

प्रमुख प्रशासिकय अधिकृत